# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : १३३

मितिः २०७८/१०/२८

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्बद्ध पदाधिकारीहरुसँग नारायणघाट-बुटवल सडक खण्ड र मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा खण्ड) को वर्तमान अवस्था तथा नारायणघाट-बुटवल सडक खण्ड र मदन भण्डारी लोकमार्ग (हेटौडा-चतरा खण्ड) को स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ को मस्यौदा समितिमा पेश गर्ने सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नारायणघाट-बुटवल सडकखण्डका दुवै प्याकेजमा स्वीकृत डि.पि.आर. मा उल्लेख भए भन्दा क्रमश ५७६% र ४४०% बढी रुखहरु काट्नु परेकोले आयोजनाको काममा ढिलाई भएको भन्ने तथ्य पेश भएको सन्दर्भमा आयोजनाको काम नै प्रभावित हुने गरी गलत आँकडा पेश गर्ने र उक्त कार्यलाई स्वीकृत गर्ने जिम्मेवार पदाधिकारीमाथि १५ (पन्ध्र) दिन भित्र छानवीन गरी त्यसको प्रतिवेदन समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ छिमेकी राष्ट्रबाट नेपाल प्रवेश गर्ने ठूला मालवाहक सवारी साधनहरुले सवारी साधनको निर्धारित मापदण्ड र सडकको भारवहन क्षमता भन्दा बढी मालवस्तुहरु लोड भए नभएको सम्बन्धमा भन्सार नाका प्रवेश गर्दाकै अवस्थामा अनिवार्य रुपमा परीक्षण गर्ने गरी नीतिगत व्यवस्था मिलाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गरिन्छ । साथै यस्तो नीतिगत व्यवस्थाका लागि आवश्यक समन्वयको पहल गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गरिन्छ ।

३ देशको दूरगामी महत्व राख्ने राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय स्तरका आयोजनाहरु निर्धारित समयमा सम्पन्न गर्न आयोजनाको काममा समयमा भुक्तानी नहुने समस्या देखिएको कारण आयोजनाको काम नै प्रभावित भई रहेको देखिएकोले यस्ता आयोजनाहरुमा भुक्तानीमा ढिलाई हुने समस्या अन्त्य हुने गरी बजेट व्यवस्थापन गर्न र निर्माण सामाग्री सहज रुपमा उपलब्ध हुने आवश्यक व्यवस्था मिलाउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

४ समितिबाट स्थलगत अध्ययन अवलोकन भ्रमण भई तयार पारिएको नारायणघाट-बुटवल सडकखण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ र मदनभण्डारी लोकमार्ग (हेटौंडा-चतरा खण्ड) को स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ माथि छलफल भई आवश्यक परिमार्जनका साथ पारित गरी निर्दिष्ट गरिएका विषयहरु कार्यान्वयनका लागि उक्त प्रतिवेदनहरु नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यलाय,

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण लगायत सम्वद्ध मन्त्रालय तथा निकायहरुलाई पठाउने निर्णय भयो ।

५ नुवाकोट जिल्ला अन्तरगतको बालाजु-रानीपौवा सडक खण्ड र रानीपौवा-पिपलटार सडक खण्ड स्तरोन्नतिको कार्य गर्दा साविकमा भएको पिच तथा ड्रेनहरु भत्काई डोजर लगाई क्षत विक्षत बनाई हालसम्म सम्पन्न नभएको विषयलाई उल्लेख गरी सो क्षेत्रका स्थानीय वासिन्दाले समितिलाई दिएको निवेदनको सन्दर्भमा उक्त सडकको कार्य निर्धारित गुणस्तर र समयमा सम्पन्न गर्न नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

६ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| (ओमबहादुर कार्की) | (कल्याणी कुमारी खड्का) |
| समिति सचिव | सभापति |